# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७५ असार १४

## गंगामाया अधिकारीको जीवन रक्षाको लागि संवेदनशील बन्न आग्रह !

छोरा कृष्णप्रसाद अधिकारीको तत्कालीन माओवादी कार्यकर्ताहरुद्वारा सशस्त्र संघर्षको समयमा हत्या गरिएकोमा सर्वोच्च अदालतबाट २०७२ सालमा आरोपित छविलाल पौडेललाई पुर्पक्षको लागि थुनामा राख्न दिएको आदेशको कार्यान्वयन नभएको भन्दै पछिल्लो विगत ३० दिन देखि आमरण अनसन बस्नु भएकी गंगामाया अधिकारीको स्वास्थ्य अवस्था अत्यन्तै गम्भीर बन्दै गएको छ।

यस सम्बन्धमा नीजको जीवन रक्षाको लागि आयोगबाट निरन्तर अनुगमन भएको छ। आयोग समेतको पहलमा २०७५।३।१३ गते साँझ गंगामाया अधिकारीले आइसियूमा भर्ना भई उपचार लिन स्वीकार गर्नुभएको छ।

वहाँले उठाउँदै आउनु भएको विषयको सुनुवाई नभएसम्म अनसन नतोड्ने बताएको र उक्त विषयहरु कानूनी शासन, दण्डहीनताको अवस्थासँग जोडिएको हुनाले माग सम्बोधन र मानव अधिकार रक्षाको लागि नेपाल सरकारको ध्यानाकर्षण गराउने उद्देश्यका लागि आज २०७५।३।१४ गते नेपाल सरकारका गृह सचिव प्रेम कुमार राई र प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई छलफलको लागि आयोगमा बोलाइएको थियो।

आयोगका माननीय अध्यक्ष अनुपराज शर्मा, माननीय सदस्यहरु सुदिप पाठक, मोहना अन्सारी र गोविन्द शर्मा पौड्याल सहभागी उक्त छलफलका क्रममा आयोगले सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गर्न र रेडकर्नर नोटिस जारी भएका आरोपितलाई कुटनीतिक पहल मार्फत वा अन्य उपयुक्त तरिकाबाट नेपाल झिकाई कानून बमोजिम कार्वाही गर्न निर्देशन दिएको छ।

गृह सचिव र प्रहरी महानिरीक्षकबाट सर्वोच्च अदालतको आदेशको कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै रेडकर्नर नोटिस जारी भएको व्यक्तिलाई नेपाल ल्याउन गरिएको प्रयास र आयोग समक्ष विधिको शासन कायम राखी दण्डहीनताको अवस्था आउन नदिन अविलम्व पहल गरिने समेत प्रतिवद्धता व्यक्त गर्नु भएको छ।

..................
मोहना अन्सारी
सदस्य/प्रवक्ता